# मिति २०८२/०९/१८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## निर्णय नं. १

यस नगरपालिकाको चालु आ. ब. को हिउदे नगर सभा अधिवेशन सैनामैना नगरपालिकाको सभा सञ्चालन सम्बन्धि कार्यविधि २०७४ को दफा ३ बमोजिम मिति २०८२ साल पुस २५ गते बिहान ११ बजेका लागि नगर कार्यपालिकाको सभाहलमा बस्ने गरी आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

यस नगरपालिकाको चालु आ.ब. को बार्षिक स्वीकृत कार्यक्रम बमोजिम शिक्षातर्फ विनियोजन भएको पूँजिगततर्फको रकमलाई देहाय बमोजिम बाँडफाँट गरी कार्यक्रम कार्यान्वनय गर्ने निर्णय गरियो।

| सिनं | विद्यालयकोनाम | बजेट | विनियोजित बजेट | सञ्चालन हुने कार्यक्रम | कैफियत |
|---|---|---|---|---|---|
| १ | रामपुर माध्यमिक विद्यालय सैनामैना ६ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम निर्मित गुरु योजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान र सैनामैना नगरपालिका समपुरक अनुदान | ५५००००० | ४ कोठे भवननिर्माण | शिक्षा तथा मानव स्रोत विकास केन्द्र गुरु योजनामा परेक |
| २ | पर्रोहा माध्यमिक विद्यालय सैनामैना | | ७००००० | शौचालयनिर्माण | |
| ३ | जनकल्याण माध्यमिक विद्यालय सैनामैना ४ | | १०००००० | हल रपेभेलियन निर्माण मर्मत सम्भार | |
| ४ | सरस्वती माध्यमिक विद्यालय सैनामैना ७ | | ४००००० | शौचालयनिर्माण | |
| ५ | जनचेतना माध्यमिक विद्यालय सैनामैना | | १४००००० | कक्षा कोठापलास्टर | |
| ६ | सालझणडी माध्यमिक विद्यालय सैनामैना १० | | ३००००० | प्लेस्टेशन निर्माण | |
| ७ | कोटियादेवी माध्यमिक विद्यालय सैनामैना ११ | | ७००००० | फिल्ड रकम्पाउण्ड निर्माण | |
| ८ | पश्चिमपर्रोहा माध्यमिक विद्यालय सैनामैना ५ | | १०००००० | अधुरो ४कोठे भवनको पलास्टर | |
| जम्मा | | | ११०००००० | | |

## निर्णय नं. ३

सैनामैना नगरपालिकाको नगर खेलकुद समिति गठन तथा संचालन कार्यविधि, २०७७ बमोजिम मिति २०७९/१०/२२ मा गठन भएको नगर खेलकुद समितिका पदाधिकारीहरुको पदावधि सोही कार्यविधिको दफा ६ बमोजिम पुनः तीन बर्षका लागि थप गर्ने निर्णय गरियो।

तुलसीराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०९/१८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

~~निर्णय~~प्रस्ताव नं. ४

चालु आ.ब. को स्वीकृत बार्षिक कार्यक्रम अन्तरगत खर्च शीर्षक नं. २२५२२ मा नगर खेलकुद विकास समिति मार्फत नगरस्तरीय खेलकुद सञ्चालनका लागि विनियोजन भएको रकम रु. २० लाख मध्येबाट देहाय बमोजिमका कार्यक्रमहरु संचालन गर्ने गरी नगर खेलकुल विकास सिमितिको मिति २०८२।७।१३ को निर्णय बमोजिम नै रकम बाँडफाँट गर्ने ।

**देहाय**

| सि.नं. | कार्यक्रम | बजेट शिर्षक | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | राष्ट्रपति रनिङ्ग शिल्ड नगर खेलकुद प्रतियोगिता | | १२९२२५०० | |
| २ | अन्तर वडास्तरीय फुटवल प्रतियोगिता | | ४७०००० | |
| ३ | राष्ट्रपति रनिङ्ग जिल्ला सहभागिता | | १५०००० | |
| ४ | खेलकुद समिति बैठक सञ्चालन | | ८७५०० | |
| | | | २०००००० | |

### निर्णय नं. ५

चालु आ.ब. मा विनियोजन भएक तपसिलका वडागत योजनाहरुको नाम संशोधन गरिदिन वडा कार्यालयबाट निर्णय भइ आएकोमा सोही बमोजिम नै कार्यक्रम संचालन गर्ने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

| सि.नं. | वडा नं. | कार्यक्रम | विनियोजित रकम | संशोधित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | २ | मगर र नेवार समुदायकको खिचडी मेला | १००००० | मगर समुदायको खिचडी मेला सञ्चालन | ६०००० |
| | | | | नेवार समुदाय योमरी पूर्णिमा महोत्सव सञ्चालन | ४०००० |
| २ | ५ | गरिव तथा जेहेन्दार विधार्थी हरुलाई शैक्षिक सामाग्री वितरण | २००००० | गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण र विद्यालयलाई शैक्षिक तथा खेलकुद सामाग्री वितरण | २००००० |

तुलसीराम मराशिनी
प्रमुख प्रशासकीय अधिकृत

फणिन्द्र प्रसाद शर्मा
नगर प्रमुख

## मिति २०८२/०९/१८ गतेको कार्यपालिकी बैठकका निर्णयहरु

### निर्णय नं. ६

सैनामैना नगरपालिका वडा नं. ६ निवासी सरस्वती वि.क. ले वडा नं. ७ मा रहेको कि.नं. १०५६ र १०५४ को जग्गाको भौतिक पूर्वाधार शुल्क १ पटक बुझाउनु पर्नेमा भुलबस २ पटक तिरेकोले बढि तिरेको रु ५२००।– (अक्षरेपी पाँच हजार दुइ सय मात्र) रकम फिर्ता गर्ने निर्णय गरियो।

### निर्णय नं. ७

सैनामैना नगरपालिका वडा नं. ४ मा रहेको नगर अस्पतालले प्रचलित कानून बमोजिम आफै प्रयोगशाला र फार्मेसी सेवा सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

### निर्णय नं. ८

यस नगरपालिका अन्तरगत कार्यरत जनस्वास्थ्य निरिक्षक अर्जुन पौडेल (क.सं.नं. २१०१५२) ले चिकित्सा शिक्षा आयोगको मिति २०८२।८।१८ को आवेदन आह्वान सम्बन्धी सूचना बमोजिम स्नातकोत्तर तह (MPhil in Clinical Psychology) विषयमा अध्ययन गर्न प्रवेश परिक्षामा सहभागि हुन पूर्व स्वीकृती माग गर्नुभएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको प.सं. २०८१।८२ (क.प्र.), च.नं. १३७५ मिति २०८१।९।४ को पत्रानुसार पूर्व स्वीकृतिका दिनका लागि स्थानीय तहलाई अधिकार प्रदान भए बमोजिम निजलाई कार्यालयबाट दिइएको पूर्व स्वीकृतीको अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ९

हाल बुटवल गोरुसिंगे सडक निर्माणको क्रममा अस्पाल प्लान्ट राख्न आवश्यक भएकोले सोका लागि मिति २०८२।८।२९ गते निर्माण व्यवसायी (SCEGC-ANS JV) र वडा नं. १० र ११ का जनप्रतिनिधी, स्थानीयबासीहरुबीच भएको छलफल बमोजिम सैनामैना नगरपालिका वडा नं. ११ मा रहेको नमूना बस्ती क्षेत्र भित्र रहेको अन्दाजी क्षेत्रफल १-०-० जग्गामा आयोजना अवधि रहने अवधिसम्मका लागि अस्पाल प्लान्ट राख्ने र सो जग्गा प्रयोग गरेबापत बार्षिक रु. २ लाख भाडा तिर्ने गरी सहमति भएको भनी वडा नं. ११ को कार्यालयबाट लेखि आएकोमा बस्तीमा कुनै अवरोध नहुने, वातावरणीय मापदण्डहरु पूरा गरेर मात्र संचालन गर्ने गरी सहमति भए बमोजिम प्रतिकठ्ठा रु.१००००।– भाडा तिर्ने गरी सचालनका लागि अनुमति दिने निर्णय गरियो।

### निर्णय नं. १०

सैनामैना नगरपालिकाका वडा नं. ९ पिपलडाँडा रहेको फोहरमैला व्यवस्थापन स्थलमा फोहरमैला व्यवस्थापनका लागि ग्याभिङ्ग लगाउने कार्य गर्नका लागि प्राविधिक लागत अनुमान बमोजिम रु. ९०७०००।– मर्मत सम्भार कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

## मिति २०८२/०९/१८ गतेको कार्यपालिका बैठकका निर्णयहरु

### निर्णय नं. ११

सैनामैना नगरपालिकाको नगर अस्पताल सञ्चालन कार्यविधि, २०८२ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

### निर्णय नं. १२

सैनामैना नगरपालिकाको शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो।

### निर्णय नं. १३

सैनामैना नगरपालिकामा सूचीकृत हुन आएका नगरस्तरीय २८ जना र वडा स्तरीय ८६ जना गरी जम्मा ११४ (महिला ४३ पुरुष ७१) जना मेलमिलापकर्ताहरुको नामवली अनुमोदन गर्ने निर्णय गरियो ।

### निर्णय नं. १४

स्थानीय सरकार सञ्चालनन ऐन, २०७४ को दफा ५४ मा स्थानीय तहले क्षेत्रधिकार भित्र मात्र कर लागउने, उठाउने र ऋण लिने व्यवस्था भए बमोजिम यस नगरपालिकाले आ. व. २०८१/०८२ मा क्षेत्राधिकार वाहिर करारोपण नगरेको स्वघोषणा गर्ने निर्णय गरियो।